# नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था

THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref. No.

मितिः २०८२/०४/१२

**अनुशासन सम्बन्धी उजुरी उपर सदस्यहरुलाई सचेत गराइएको बारे सूचना ।**

*"यस संस्थाका वर्ग ख, ग र घ का पेशागत प्रमाणपत्र प्राप्त ८ जना लेखापरीक्षक सदस्यहरुले आफ्नो तर्फबाट कुनै काम नगर्ने तर अन्य व्यक्तिहरुबाट तयार भई प्राप्त भएको लेखापरीक्षण प्रतिवेदनमा कुनै परीक्षण, जाँच तथा रुजु नगरी हस्ताक्षर मात्र गर्ने गरेको, UDIN Generate गर्ने लगायतका सम्पूर्ण कार्य गर्न कर सहयोगीको नामबाट व्यवसाय गर्दै आएका व्यक्तिहरुलाई जिम्मा दिएको, आफ्नो कार्यालय तथा कर्मचारी समेत नरहेको तर उल्लेख्य मात्रामा लेखापरीक्षण फाईलहरुमा हस्ताक्षर गरिरहेको, निजहरुलाई आफूले जारी गरेको प्रतिवेदन तथा फाईलको विषयमा कुनै ज्ञान नभएको लगायतका"* आरोपहरु उल्लेख भई निजहरु विरुद्ध संस्थामा उजुरी दर्ता भएको थियो । सो सम्बन्धमा छानबिन गर्दा उल्लेखित आरोपहरुको सम्बन्धमा आरोपलाई पुष्टि गर्ने पर्याप्त स्वतन्त्र प्रमाण उपलब्ध हुन सकेन तर संस्थाबाट भएको निजहरुको फर्मको अनुगमन, निजहरुले प्रदान गरेको जवाफ तथा कागजात, र निजहरुसँग लिएको बयानबाट निजहरुले विभिन्न निकायको लागि तयार गरेको लेखापरीक्षण फाईल सन्तोषजनक नरहेको, संस्थाले विभिन्न समयमा जारी गरेको UDIN सम्बन्धी निर्देशनको पालनामा केही कमजोरी गरेको देखियो र लेखापरीक्षण कार्य गर्दा सामान्य गुणस्तर समेत सुनिश्चित गरेको देखिएन । साथै उपरोक्त आरोपित सदस्यहरु मध्ये दुई जना सदस्यहरुले प्रचलित कानुन बमोजिम आफु लेखापरीक्षक नियुक्त हुन योग्य भए नभएको सम्बन्धमा समेत यकिन नगरी लेखापरीक्षण गरेको पाइयो । तसर्थ, आरोपित ८ जना सदस्यहरुलाई पेशागत सेवा प्रदान गर्दा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१, संस्थाले जारी गरेको लेखामान, लेखापरीक्षणमान तथा निर्देशनहरुको पूर्ण पालना नगरेकोले अनुशासन सम्बन्धी उजुरी छानबिन कार्यविधि, २०७७ (पहिलो संशोधन २०७८ सहित) को दफा ५(११) बमोजिम **एक पटकको लागि सचेत गराउने र** भविष्यमा थप तथ्य प्रमाण उपलब्ध हुन आई थप छानबिन गर्नुपर्ने देखिएमा सो अनुसार छानबिन प्रक्रिया अघि बढाउन सकिने गरी निजहरु उपरको यस **उजुरीलाई तामेलीमा** राख्ने निर्णय परिषद्को मिति २०८२ असाढ २७ गते बसेको ३५२ औं बैठकबाट भएको व्यहोरा सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको छ ।

*नोटः*
*यो सूचनामा उजुरी तथा उजुरी उपर भएको निर्णयको संक्षिप्त व्यहोरा मात्र उल्लेख गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गरिएको हुँदा यसलाई अनुशासन छानविनको पूर्ण प्रतिवेदनको रुपमा लिन उपयुक्त नहुने ।*

..............................
सिए. विमल डंगोल
कार्यकारी निर्देशक

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 977-1-5430832, 5430730, Fax: 977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

Biratnagar: Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi: Tel: 977-091-527493, Email: icandhg@ican.org.np